# मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईटाभट्टा, झापा
१ नं. प्रदेश, नेपाल

प. सं. ०७५।०७६( क.प्र.शाखा)
च. नं. १६८३

मिति :२०७५/०७/१८

श्री इलाका प्रहरी कार्यालय, धुलावारी/काकरभिट्टा, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी बिट, नेपाल विद्युत प्राधिकरण, सबै वडा समिति-हरु, सबै राजनैतिक दल

विषय : आवश्यक सहयोग सम्वन्धमा ।

प्रस्तुत विषयमा मेचीनगर नगरपालिकाका कार्य वाहक प्रमुख श्री मीना पोखेल उप्रेतीज्यूको अध्यक्षतामा मिति २०७५।०७।१५ गते नेपालीहरुको महान चाडपर्वहरु शुभ दिपावली, छैठ तथा नेपाल सम्वतका सन्दर्भमा शान्ति सुरक्षा एवं अन्य व्यवस्थापनका विषयमा सुरक्षा निकाय तथा राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु सहितको सर्वपक्षीय वैठकवाट यसैसाथ संलग्न निर्णयहरु भएको हुँदा सो निर्णयहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाई आवश्यक सहयोग हुन अनुरोध छ ।

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकिय अधिकृत

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,
Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com

नेपालीहरुको महान चाड शुभदिपावली, छैठ, नेपाल सम्वत ११३९ लगायतको चाडपर्वहरु सु-व्यवस्थित गर्न गराउन निम्नानुसार व्यवस्थापन मिलाई सम्वन्धित सरोकारवाला निकायहरुवाट प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. देउसी, भैलो दान दक्षिणा अधिकतम रु. ५१। ( एकाउन्न रुपैया मात्र ) प्रदान गर्ने र लक्ष्मी पूजा देखि भाइटिका सम्म मात्र नेपालीपन संस्कृति, परम्परा झल्किने देउसी भैलो खेल्ने, खेलाउने साथै देउसी भैलो राती १०:०० वजे सम्म खेल्न खेलाउन प्रवन्ध मिलाउने ।

२. मदिराजन्य वस्तु सेवन गरी असहज तवरले देउसी भैलो कार्यक्रमलाई लाई निरुत्साहित गर्ने । शान्तिपूर्ण एवं मर्यादित वनाउन सवैमा अनुरोध गर्ने ।

३. मदिराजन्य वस्तुको विक्री वितरण रात्रीको ८:०० वजे सम्म मात्र गर्न गराउन समय निर्धारण गर्ने ।

४. परम्परागत रुपमा चलि आएका मेला, उत्सव वाहेक अन्य भिडभाड हुन सक्ने गतिविधी संचालन गर्न निरुत्साहित गर्ने ।

५ चाडपर्वको अवसरमा हुन सक्ने अवान्छित गतिविधिलाई न्यूनीकरण एवं नियन्त्रण गर्न गराउन सुरक्षा निकायहरुवाट भैरहेको विशेष सुरक्षा व्यवस्था लाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

६. ट्राफिक व्यवस्थापनलाई सु-व्यवस्थित गर्न ट्राफिक प्रहरीलाइ थप सक्रिय वनाउन अनुरोध गर्ने ।

७. आकस्मिक सेवा सम्वन्धमा आवश्यक पर्ने दमकल, एम्वुलेन्स जस्ता साधनहरु दुरुस्त राख्ने व्यवस्था मिलाउने ।

८. सूचना प्रवाहलाई प्रभावकारी वनाउन सबै सुरक्षा निकाय एवं सम्वद्ध निकायहरुको सम्पर्क नम्वरहरुलाई सार्वजनिक सूचना प्रवाहको व्यवस्था मिलाउने ।

९ . चाडपर्वको अवसरमा झिलिमिलि एवं दिपावली गर्दा विद्युत अवरोध हुने सम्भावनालाई मध्यनजर गर्दै नियमित विद्युत आपूर्ति व्यवस्थापन गर्न विद्युत प्राधिकरण धुलाबारी र काकरभिट्टा शाखालाई अनुरोध गर्ने ।

१०. पटका एवं आतिशवाजीका सामाग्रीको प्रयोग निरुत्साहित गर्न पहल गर्ने ।

११. उपरोक्त निर्णयहरु कार्यान्वयन गर्न गराउन प्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधीहरु र स्थानीय सुरक्षा निकायको प्रमुख, राजनैतिक दलका प्रमुखज्यूहरुको विशेष समन्वयमा अनुगमनको व्यवस्था मिलाउने तथा उचित समन्वय समेत गर्ने ।

अन्त्यमा, नेपालीहरुको महान चाड शुभदिपावली, छैठ तथा नेपाल सम्बत ११३९ को पावन अवसरमा सम्पूर्ण नगरवासीहरुमा सू-स्वास्थ्य, दिर्घायू, उत्तरोत्तर प्रगति र समृद्धीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै आजको बैठक समापन भयो ।